City of DAREBIN

the place to live

# प्रिस्टनको मुटु

## भविष्यका दिनहरूमा सम्पन्न प्रिस्टन बजारको अस्तित्व सुनिश्चित गर्नुका साथै जीवन्त, विविधतायुक्त र एकआपसमा जोडिएको समुदाय सिर्जना गर्दै।




**विगत 50 वर्षदेखि प्रिस्टन बजारले स्थानीय समुदायलाई साप्ताहिक किनमेल गर्ने र साथीहरूसँग भेट्ने थलोका रूपमा सेवा गरेको छ। स्वागत, आदान प्रदान र विविधताको थलोका रूपमा हाम्रो बजारको अद्वितीय पहिचान भविष्यमा पनि जारी रहने कुरा सुनिश्चित गर्नका निम्ति डेयरबिन नगर परिषद् कटिबद्ध छ।**

यो क्षेत्र प्रिस्टनको मुटुमै भएका कारण सार्वजनिक यातायात, सेवा, शिक्षण संस्था, रोजगारीका केन्द्र र खुला ठाउँहरूबाट नजिकै छ। अर्थात् यो क्षेत्रले विविधतायुक्त र एकआपसमा जोडिएको टोल सिर्जना गरेको छ। यसले गर्दा यस क्षेत्रको आवाससम्बन्धी समस्याको सम्बोधन गर्न र समुदायका लागि नयाँ चाखलाग्दा सुविधाहरू उपलब्ध गराउन मद्दत गर्छ।

यस क्षेत्रको योजनासम्बन्धी नियमहरूका सम्बन्धमा योजना मन्त्रीको निर्देशनअनुसार भिक्टोरियाली योजना प्राधिकरण (VPA) ले समीक्षा गर्दैछ। यस प्रक्रियाको अंशका रूपमा VPA र डेयरबिन परिषद्ले सामुदायिक सहभागिता भएको व्यापक कार्यक्रममार्फत स्थानीय बासिन्दाका विचारहरू सङ्कलन गरे। VPA ले यस वर्षको अन्त्यमा प्रारूप योजनाको मस्यौदा उपलब्ध गराउने छ जसले योजनासम्बन्धी नयाँ नियमहरूमा समावेश हुने कुराको खाका तय गर्ने छ।

उक्त योजना सार्वजनिक हुनुअगावै डेयरबिन नगर परिषद्ले यस क्षेत्रको भविष्यका बारेमा स्थानीय बासिन्दा तथा व्यापारीहरूको साझा अपेक्षा अभिव्यक्त गर्ने *प्रिस्टनको मुटु* नामक कागजात तयार पार्नका निम्ति हालै सम्पन्न गरेको बजारको पहिचानसम्बन्धी अध्ययनबाट प्राप्त प्रतिक्रिया तथा निष्कर्षको प्रयोग गरेको छ। यसले बजारलाई जीवन्त बनाइराख्न र यो बृहत् क्षेत्र रमाइलो, सुरक्षित र दिगो रहिरहने कुराको सुनिश्चितताका लागि गर्नु पर्ने कार्यहरू स्पष्ट ढङ्गले निर्धारण गर्छ।

हामी निर्णयकर्ताहरूलाई निम्न कार्य गर्न आह्वान गर्दछौं:

- **सम्मान गर्न** पुनर्निर्माणको कुनै पनि काम गर्दा सार्वजनिक ठाउँको काम गर्ने छोपिएका गल्ली तथा बाटो अनि त्यहाँका टहरा, स्टल र साना पसलहरू जस्ता बजारका अद्वितीय विशेषताहरूको सम्मान गर्न।
- **समर्थन गर्न** पुनर्निर्माणको कुनै पनि काम गर्नुअघि, गरिरहँदा वा गरेपछि व्यापारीहरूलाई समर्थन गर्न।
- **सिर्जना गर्न** दिगोपनका दृढ सिद्धान्तहरू प्रस्तुत गर्न, डिजाइनको उत्कृष्टता झल्काउन तथा यस क्षेत्रको रूप, अनुभव र सुरक्षाको अवस्था सुधार गर्न प्रयोगयोग्य नयाँ हरिया खुला ठाउँ सिर्जना गर्न।
- **ल्याउन** नयाँ सामुदायिक ठाउँ, सुपथ आवास, सामाजिक कार्यक्रम, सुविधा र रोजगारीका अवसरमार्फत यस क्षेत्रमा सामाजिक समानता ल्याउन।

यसका साथै, हामी विकास निर्माणका कुनै पनि कार्य गर्नुअघि स्वामित्व धनीहरूले बजारका रूपमा हालको स्थानको प्रयोग जारी राख्ने कुराबारे सम्झौतापत्रको माध्यमद्वारा प्रतिबद्धता जनाउनुहोस् भन्ने चाहन्छौं।

प्रिस्टन बजार क्षेत्रको भविष्यका बारेमा थप जान्नका लागि तपाईं अङ्ग्रेजीबाहेकका भाषाहरूमा जानकारी प्रदान गर्ने निम्न स्रोतसाधनमाथि पहुँच राख्न सक्नुहुन्छ:

- हाम्रो ग्राहक सेवा टोलीको फोन नम्बर 8470 8888 मा सोमवारदेखि शुक्रवारसम्म बिहान 8.30 बजेदेखि साँझ 5.00 बजेसम्म कल गर्नुहोस्
- आफ्नै भाषामा कसैसँग कुरा गर्न निम्न बहुभाषिक टेलिफोन लाइनमा कल गर्नुहोस्: (03) 8470 8470
- इमेल: mailbox@darebin.vic.gov.au
- हुलाक ठेगाना: 274 Gower Street PRESTON VIC 3072
- TTY (श्रवणसम्बन्धी समस्या भएका व्यक्तिहरूका लागि): फोन 133 677 मा कल गरी 03 8470 8888 का लागि अनुरोध गर्नुहोस्
- बोल्नुहोस् र सुन्नुहोस्: फोन 1300 555 727 मा कल गरी 03 8470 8888 का लागि अनुरोध गर्नुहोस्
- इन्टरनेट रिले: National Relay Service - IP Relay मा जोडिनुहोस् र 03 8470 8888 का लागि अनुरोध गर्नुहोस्
- Portable HeaRing Loops तथा Personal Hearing Amplifiers: ग्राहक सेवाका सबै केन्द्रहरूमा यी यन्त्र सेटअप गरिएका छन्।